# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०९।१९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत, गैरकानूनी लाभ तथा हानी र सार्वजनिक सम्पत्ति हानिनोक्सानी सम्बन्धी-६(छ) वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०९।१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | सन्तमाया श्रेष्ठ (वि.अ. को मु.नं. ०७६-CR-०३७५, वि.अ. को फैसला मिति २०७९।०३।०९) | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | **प्रतिवादी सन्तमाया श्रेष्ठः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर अपराध भएको देखिंदा बिगो रु. २,०३,५००।-(दुई लाख तीन हजार पाँच सय रुपैयाँ) कायम गरी निज सन्तमाया श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन। | **फैसलाः**<br>प्रतिवादीलाई आरोपदावीवाट सफाई।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रतिवादीले को-कसवाट कति रकम रिसवत लिनु भएको हो भन्ने कुरा वादीले खुलाउन सकेको नदेखिएको। रिसवत दिएको भनिएका व्यक्तिलाई प्रतिवादी बनाएको पनि देखिएन।<br>• प्रतिवादीवाट वरामद भएको रकमहरु निजले पेश गरेको मिति २०७९/०२/१८ को बैंक स्टेटमेन्टबाट समेत निजले २०७६/१२/०१ मा रु.६,७७,८२०.६९/- झिकेको देखिएकोले वरामद रकम निजको आफ्नो रहेको भन्ने पुष्टि भएको।<br>• आरोपदावी पुष्टि गर्ने प्रमाणको भार वादीको रहेको र आरोपदावी पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादीले पेश गर्न नसकेकोले वादी दावी पुग्न नसकी प्रतिवादीले आरोपित कसूरवाट सफाइ पाउने देखियो। | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको अवस्था पुष्टि भएकोमा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण भई बदरभागी छ।<br>• प्रस्तुत मुद्दामा डिभिजन वन कार्यालय, दोलखाका डिभिजन बन अधिकृत प्रतिवादी सन्तमाया श्रेष्ठले काठ व्यापारीहरुसँग रु.२ लाख देखि रु.३ लाखसम्म रकम उठाई बा १ झ ७६८५ नम्बरको निशान टोयोटा सरकारी गाडीमा काठमाडौं तर्फ जादै गरेको हुँदा निजलाई पक्राउ गरी कारवाही गरी पाँउ भन्ने समेत व्यहोराको उजुरी यस आयोगमा मिति २०७६।११।२९ गते १५.५८ वजे दर्ता भई निज प्रतिवादी सोही मितिको १७:३० बजेको समयमा जि.भक्तपुर, मध्यपुरठिमी न.पा वडा नं. ३ निज चढेको बा १ झ ७६८५ नं.को गाडीलाई रोकी चेकजाँच गर्ने क्रममा चालक सिटको वायाँतर्फ रहेकी सन्तमाया श्रेष्ठले साथमा लिई आएको खैरो रङको छालाको झोला खानतलासी गर्दा उक्त झोलाभित्र जिल्ला आयोजना कार्यान्वयन ईकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) समेत लेखिएको पहेंलो रङको खामभित्र रातो मसीले तीस लेखिएकोमा सो खाममा रु.५००।-दरको ६० थानको जम्मा रकम रु.३०,०००।-, Rural Construction Nepal लेखिएको खाममा Prime Bank Ltd. १६SoSA मिति २०७६।११।२७ गते लेखिएको ट्याग लगाएको रु.५००।-दरको १०० थान नोटको जम्मा हुन आउने रु. ५०,०००।- र सो नोटसँगै १०००।-दरका ३ थान र रु.५००।-दरको १ थान समेत गरी रु. ५३,५००।-, पहेंलो रङको आर्यन एण्ड अग्रिम सप्लायर्स लेखिएको खाममा ६० लेखिएकोमा सो भित्र रु.१०००।–दरको १२ थानको रकम रु. १२,०००।–र रु.५००।–दरको ३६ थानले हुन आउने रु.१८,०००।– समेत गरी जम्मा रु.३०,०००।–,जिल्ला आयोजना कार्यान्वयन ईकाई समेत लेखिएको खामभित्र रातो मसीले ४० लेखिएकोमा सोभित्र रु.१०००।–दरको ४० थानको हुन आउने रु. ४०,०००।– , कुनै खाममा नभएको अवस्थामा १०००।–दरको ५० थानले हुन आउने रु. ५०,०००।–समेत गरी सेवाग्राहीहरुबाट घुस/रिसवत वापत लिएको रकम जम्मा रु. २,०३,५००।-(दुई लाख तीन हजार पाँच सय रुपैयाँ) समेतका नगद, CEO ७०० लेखिएको मोवाईल थान-१, HUAWAI लेखिएको मोवाईल थान-१ लगायत अन्य जिन्सि सामान फेला पारी रितपूर्वक बरामद गरेको भन्ने समेत व्यहोराको खानतलासी/बरामदी मुचुल्का एवं प्रतिवेदन रहेको।<br>• प्रतिवादी सन्तमाया श्रेष्ठले अधिकार प्राप्त अधिकारी र अदालत समक्ष बयान गर्दा कसुरमा इन्कार गरी वयान गरेता पनि वरामद रु.२,०३,५००।–रकमको स्रोतको सम्वन्धमा रु. ५०,०००।–वन रक्षक नारायण साहसँग माग गरी लिएर आएको र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बाँकी रु. १,५३,५००।–तलव बापतको राष्ट्रिय बाणिज्य बैंक सानोठिमीबाट २०७६ माघको दोस्रो हप्ता तिर झिकेको रु. ६,७७,०००।– मध्येको रकम साथमा लिई हिडेको अवस्थामा बरामद गरिएको हो भन्ने समेतको व्यहोरा खुलाएको देखिएको भएता पनी निज नारायण साहले अनुसन्धानको क्रममा कागज गर्दा स.ज १५ मा प्रतिवादी सन्तमाया श्रेष्ठलाई कुनै रकम नदिएको भनी व्यहोरा लेखेको र अदालतमा गई बकपत्र गर्दा समेत अनुसन्धानको क्रममा गरेको कागज सनाखत गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाण योग्य देखिई प्रतिवादीको वयान विश्वास योग्य नदेखिई वरामद रकमको स्रोत समेत खुलेको नदेखिदा समेत प्रतिवादीवाट वरामद भएको रकमहरु निजले पेश गरेको मिति २०७९/०२/१८ को बैंक स्टेटमेन्टबाट समेत निजले २०७६/१२/०१ मा रु.६,७७,८२०.६९/- झिकेको देखिएकोले वरामद रकम निजको आफ्नो रहेको भन्ने पुष्टि भएको भनी वारदात पछाडी झिकेको रकमलाई आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण भई वदरभागी छ।<br>• प्रतिवादी सन्तमाया श्रेष्ठले घुस/रिसवत वापतको रकम साथमा लिई हिडेको होईन भन्ने व्यहोरा खुलाई गरेको बयानको व्यहोरालाई पोलिग्राफ परीक्षण गराउँदा The grand total score of -२९ exceed the required cut score of -४ for deceptive classifications and there is DECEPTION INDICATED भन्ने समेत व्यहोराको प्रतिवेदन प्राप्त हुन आएको देखिंदा निजले गरेको बयानको व्यहोरा विश्वासयोग्य देखिदैन । प्रतिवादी सन्तमाया श्रेष्ठको साथबाट बरामद भएको मोवाईलबाट खिचिएको भनी डिजिटल फरेन्सिक ल्याववाट प्राप्त हुन आएको परीक्षण प्रतिवेदनमा स्पाइरल डायरीबाट खिचिएको IMG_२०२००१२३_१६१८२०, IMG_२०२००१२३_१६१८२७ र IMG_२०२००१२३_१६१८३१ नं. का फोटोहरुमा मिति २०७६/०८/२५ देखि २०७६/०९/२७ गतेसम्म विभिन्न व्यक्तिहरुको विवरण र रकम समेत उल्लेख गरेकोमा जम्मा रु.२०८०००।–र खर्च रु.१४,६००।– भई बाँकी रु. १,९३,६००।–लेखेको देखिने प्रिन्ट कागज, हिसाव किताव कम्प्यूटरमा टाइप गरी खिचिएको IMG_२०२००१२३_१६४२४७ नं. को फोटो र परीक्षण विवरणको cha no ७११३huawei नामको फोल्डर भित्रको Image फोल्डरमा रहेको फोटोमा मिति २०७६।११।०१ गते सि.नं. (१) मा पवन श्रेष्ठ ४९,०००।– देखि मिति २०७६।११।०७ गतेको ज्ञान बा. तामाङ ४,०००।– सम्मको जम्मा १,४५,५००।–र अर्को भागमा मिति २०७६।१०।२३ गते साङ्गेल्जी सेर्पा २१,०००।– देखि मिति २०७६।१०।२९ गते भक्त बहादुर काफ्ले १२,०००।– सम्म १,०४,५००।–लेखिएको देखिने प्रिन्ट समेको सम्वन्धमा प्रतिवादीले ईन्कारी वयान गरेतापनि उक्त प्रिन्टहरुमा उल्लिखित बनका कर्मचारीहरु वाहेक अन्य व्यक्तिहरु डिभिजन बन कार्यालय दोलखाका सेवाग्राहीहरु रहेको भन्ने व्यहोरा डिभिजन बन कार्यालय दोलखाको पत्रबाट खुल्न आएको देखिएको अवस्थामा प्रतिवादीले को कसवाट कति रकम रिसवत लिनु भएको खुलेको अवस्थामा समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीले को कसवाट कति रकम रिसवत लिनु भएको हो भन्ने कुरा वादीले खुलाउन सकेको नदेखिएको भन्ने समेत आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१ मा सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरको प्रतिकुल हुनेगरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको त्रुटिपूर्ण छ । |
| २ | धनेश्वर प्रसाई, सुरेश प्रसाद नेपाल, सुदर्शन न्यौपाने (वि.अ. को मु.नं. ०७७-CR-००७९, वि.अ. को फैसला मिति २०७९।०३।३१) | घुस/ रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको। | **प्रतिवादी धनेश्वर प्रसाईः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसूरमा विगो रु.५२,०००।- (बाउन्न हजार) कायम गरी सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन। **प्रतिवादी सुदर्शन न्यौपानेः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) अनुसारको कसूरमा विगो रु.५२,०००।- (बाउन्न हजार) कायम गरी सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन र **प्रतिवादी सुरेश प्रसाद नेपालः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसूरमा विगो रु.५२,०००।- (बाउन्न हजार) कायम गरी सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन। | फैसलाःप्रतिवादीहरुलाई आरोपदावीवाट सफाई<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियम ३० अन्तर्गत राज्य कोषवाट उपलव्ध गराएको र सोही रकम वरामद गरिएको हुँदा सो प्रकृया बमोजिम सिर्जना गरिएका सवै प्रमाण बरामदी मुचुल्का, बरामद दशी, उजुरी, उजुरीकर्ताको बकपत्र, श्रव्यदृष्य सामग्री प्रमाणमा ग्रहणयोग्य नहुने देखिन आयो (सर्वोच्च अदालतको संवैधानीक इजलासले ०७४-WC-००२०)।<br>• प्रतिवादी उजूरकर्तावाट ओहदाका काम गरिदिन वा अनिष्ट गरिदिन रकम माग गरेको लिएको पनि पुष्टि हुन सकेन ।<br>• प्रतिवादीहरुले कसुरमा इन्कार रही मौकामा र अदालत समक्ष वयान गरेको देखिन्छ । | • सर्वोच्च अदालतको संवैधानीक इजलासले ०७४-WC-००२० मा गरेको फैसलामा विगो कायम नहुने भनेको नरहेको र घुस रिसवतको मुद्दा खारेज नहुने, केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मात्र खारेज गरी अन्य प्रमाणको आधारमा निर्णय निकासा दिने गरी फैसला भएको र सम्मानीत सर्वोच्च अदालतले मुद्दा नं.०७५-WC-००५१ घुस रिसवत मुद्दामा मिति २०७९।०७।३० गते कसुर कायम गरी  फैसला समेत भएको अवस्थामा सो फैसला समेतको प्रतिकुल हुने गरी प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियम ३० अन्तर्गत राज्य कोषवाट उपलव्ध गराएको र सोही रकम वरामद गरिएको हुँदा सो प्रकृया बमोजिम सिर्जना गरिएका सवै प्रमाण बरामदी मुचुल्का, बरामद दशी, उजुरी, उजुरीकर्ताको बकपत्र, श्रव्यदृष्य सामग्री प्रमाणमा ग्रहणयोग्य नहुने देखिन आयो(०७४-CR-००२०) भनी आधार लिई भएको प्रस्तुत फैसला सो संवैधानीक इजलासको फैसलाको रोहमा समेत त्रुटिपूर्ण छ ।<br>• निवेदक भोलानाथ ढुंगानाको वकिया ठाकुर आधारभूत विधालयवाट अनिवार्य अवकास भए पश्चात पेन्सन पट्टा वनाउन राष्ट्रिय कितावखाना(शिक्षक) ताहाचलमा जाँदा प्रतिवादीहरुले रु.५२,०००/- घुस रिसवत माग गरेको भन्ने समेत व्यहोराको निवेदन देखिन्छ । प्रतिवादीहरु धनिश्वर प्रसाई, सुर्दशन न्यौपाने र सुरेश प्रसाद नेपालसँग साथ रहेको अवस्थामा रु.५२००० वरामद भएको भन्ने समेत व्यहोराको वरामदी खानतलासी मुचुल्का देखिन्छ। प्रतिवादी धनेश्वर प्रसाईले कसुरमा इन्कारी वयान गरेतापनि प्रतिवादीहरु सुरेश प्रसाद नेपाल र सुदर्शन न्यौपानेले अधिकार प्राप्त अधिकारी र अदालत समक्ष वयान गर्दा कसुरमा साविती रही सहअभियुक्त धनेश्वर प्रसाईलाई पोल गरी वयान गरेको देखिएकोले प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), दफा ९क, दफा१८ ले प्रमाणमा लिन नै मिल्ने देखिन्छ । त्यस्तै सुदर्शन न्यौपानेः-त्यसको हातमा ५० हजार चाहियो रे तिमिहरुलाई पनि १०००/१५०० त चाहियो नि भन्यो। भोलानाथ ढुंगानाः-हैन एक चोटि त्यै पनि कन्फर्म गर्दिनुस हुन्छ भन्दिम । सुदर्शन न्यौपानेः-म कन्फर्म गराईदिन्छु।भोलानाथ ढुंगानाः-पैसा तपाईको हातमा हाल्दिने कि वहाँको हातमा हाल्दिने ? सुदर्शन न्यौपानेः-मेरो हातमा हाल्ने। सुरेश प्रसाद नेपालः-अँ, मलाई दिनु म लगेर उल्लाई दिन्छु ।भोलानाथ ढुङ्गानाः-ल गन्नुस पहिला । सुरेश प्रसाद नेपालः-यो गनि राख्न पर्दैन भन्ने समेत व्यहोरा खुलाएको देखिएकोवाट प्रतिवादीहरुले घुस रिसवत बार्गेनिङ्ग गरेको देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क. वमोजिम प्रमाणमा लिन नै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मिल्ने देखिन्छ । प्रतिवादी धनेश्वर प्रसाई पोलिग्राफ परीक्षण गर्दा there is DECEPTION INDICATED by the physiological responses to the test stimulus questions during this examination." भन्ने समेत व्यहोराको प्राप्त पोलिग्राफ परीक्षण प्रतिवेदनबाट समेत निजको इन्कारी वयान खण्डित भएको देखिएको प्रमाणलाई प्रमाणमा लिन मिल्ने देखिन्छ(ने.का.प २०७५, अंक ३, नि.न.९९८०), प्रतिवादीहरु र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट देखिन्छ । स्वंय अदालतको फैसलाको प्रकरण नं.४२ मा उजुरीकर्ताले उजुरी व्यहोरासँग मिलान हुने गरी नै अनुसन्धानको क्रममा र अदालत समक्ष वकपत्र गरेको देखिएको र सरकारी साक्षीहरुले अनुसन्धानको क्रममा र अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरुले घुस रिसवत लिई भ्रष्टाचार गरेको भनी कागज गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएकोवाट प्रतिवादीहरुको कसुर गर्दाको घटनाका शृंखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको अवस्था पुष्टि भएकोमा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण भई बदर भागी छ ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) मा सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ३ | प्रतिवादीहरु नरवहादुर बोहरा, नरेन्द्र वहादुर भाट, मिन वहादुर वोहरा, मथुरी देवी वोहरा, तेज वहादुर वोहरा (वि.अ. को मु.नं. ०७६-CR-२०९, वि.अ. को फैसला मिति २०७९।५।२९ | गलत प्रतिवेदन र झुठा बील भर्पाइको आधरमा भुक्तानी लिने/दिने गरी भ्रष्टाचार गरेको। | **प्रतिवादी नर बहादुर बोहराः** विगो रु.१,७३,१९०/६१ (एक लाख त्रिहत्तर हजार एक सय नब्बे रुपैया एकसठ्ठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी विगो असुलउपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, **प्रतिवादी नरेन्द्र बहादुर भाटः**विगो रु.१,७३,१९०/६१ (एक लाख त्रिहत्तर हजार एक सय नब्बे रुपैया एकसठ्ठी पैसा) कायम गरी | **<u>फैसलाः</u>** अदालतवाट प्रतिवादीहरु नरवहादुर बोहरा र नरेन्द्र वहादुर भाटलाई जनही ३(तिन) महिना कैद र रु.१०,०००।–(दश हजार जरिवाना), प्रतिवादीहरु मिन वहादुर वोहरा, मथुरी देवी वोहरा, तेज वहादुर वोहरालाई जनही रु.५७,७३०/२० जरिवाना हुने<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीहरु नरवहादुर वोहरा र नरेन्द्र वहादुर भाटले फिल्डमा भएको कामभन्दा वढीको गलत नापी किताव तयार गरी कार्यसम्पन्न प्रतिवेदन पेश गरी नेपाल सरकारलाई हानी पुर्याउने वदनियतले गलत प्रतिवेदन तयार गरी पेश गरेको पुष्टि भएको । प्रतिवादीहरु उपरको अन्य आरोप दावी पुग्न सक्तैन ।<br>• कानून वमोजिम विगो भराउने तर्फ केही | • स्वंय अदालतले प्रतिवादीहरु नरवहादुर वोहरा र नरेन्द्र वहादुर भाटले फिल्डमा भएको कामभन्दा वढीको गलत नापी किताव तयार गरी कार्यसम्पन्न प्रतिवेदन पेश गरी नेपाल सरकारलाई हानी पुर्याउने वदनियतले गलत प्रतिवेदन तयार गरी पेश गरेको पुष्टि भएको भनी फैसला गरी सकेको अवस्था देखिएकोवाट आरोपदावी वमोजिम नेपाल सरकारलाई हानी पुऱ्याउने बदनियतले इस्टिमेट, मूल्याङ्कन सिट र कार्यसम्पन्न प्रतिवेदनसमेतका गलत प्रतिवेदन तयार गरी आफू वा अरु कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले आधार बिना अस्वाभाविक किसिमबाट बढी काम तथा लागत देखाउने, मनासिब कारण बिना शर्त तथा मापदण्डविपरीत निर्माण कार्य गर्ने गराउने गरेको र सोबाट रु.१,७३,१९०।६१/- (एक लाख त्रिहत्तर हजार एक सय नब्बे रुपैया एकसठ्ठी पैसा) को बढी रकम भुक्तानी भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) को कसुर समेत गरेको पुष्टि भएको अवस्थामा प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा अदालतले के कती प्रमाणहरुको आधारमा प्रतिवादीहरुलाई उक्त आरोप दावीवाट सफाई दिएको नखुलाईकन केवल फैसलामा "प्रतिवादीहरु उपरको अन्य आरोप दावी पुग्न सक्तैन" मात्र उल्लेख गरी भएको फैसला त्रुटि पूर्ण भई वदरभागी छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को सफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी विगो असुलउपर हुन र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, **प्रतिवादीहरु मिन बहादुर वोहरा, मथुरी देबी बोहरा र तेज बहादुर बोहराः**विगो रु.१,७३,१९०/६१ (एक लाख त्रिहत्तर हजार एक सय नब्बे रुपैया एकसठ्ठी पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) मा उल्लेख भएबमोजिम सजाय र विगोसमेत असुलउपर गरी जफत हुन | नवोली फैसला भएको। | • प्रतिवादीहरु मिन बहादुर वोहरा, मथुरी देवी वोहरा र तेज वहादुर वोहराको हकमा हेर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिमको कसुरमा जनही रु.५७,७३०/२० जरिवाना हुने ठहर गरी फैसला भएको अवस्था छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) कानूनी व्यवस्था हेर्दा कसुर कायम भए पश्चात सजाय गर्दा विगो वमोजिम जरिवाना गरी विगो समेत जफत गरिने छ भनी कानूनी प्रावधान गरेको अवस्थामा प्रतिवादीहरुलाई कसुर कायम गरी जरिवाना गरी सके पश्चात विगो जफत गरिने भन्ने वाध्यात्मक कानूनी प्रावधान गरेको अवस्थालाई अन्देखा गरी विगो जफत तर्फ केही नवोली भएको फैसला कानूनी प्रावधान तथा व्याख्याको रोहमा त्रुटी पूर्ण रही वदर भागी छ ।<br>• विशेष अदालतको प्रस्तुत फैसलाले वारदात भएको भन्ने स्वीकार गरेको तर वारदात घटाउने राष्ट्रसेवकलाई हुनै पर्ने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) वमोजिम सजाय नै नभएको र वारदातवाट नेपाल सरकारलाई गैरकानूनी रुपमा हानी भएको रकम भरिभराउ गर्नै पर्ने ऐ.ऐनको दफा ८(१) र दफा ८(४) को कानूनी व्यवस्था अनुसारको उपचार प्रदान नगरी, सो सम्वन्धमा वोल्दै नवोली फैसला भएको अवस्था हुँदा उक्त फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको छ । |
| ४ | भीमप्रसाद आचार्य, रघुनाथ रेग्मी र हरिशङ्कर शर्मा (वि.अ. को मु.नं. ०७६-CR-००४८, वि.अ. को फैसला मिति २०७९।२।०५ | घुस रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको। | **प्रतिवादीहरु भीमप्रसाद आचार्य, रघुनाथ रेग्मी र हरिशङ्कर शर्माः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा निजहरूलाई बिगो रु. १,३०,०००/-(एकलाख तीस हजार रुपैया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(घ) बमोजिम जरिबाना र कैद सजाय हुन। | <u>फैसलाः</u> प्रतिवादीहरु भीमप्रसाद आचार्य, रघुनाथ रेग्मी र हरिशङ्कर शर्मालाई साफाई हुने ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने।<br>• पेश भएको सीडी काँटछाँट भएको र उजुरीसाथ सीडी पेश नगरेको।फोन सम्वादमा प्रतिवादीले रकम मागेको नभई उजुरीकर्ताले नै पैसाको कुरा गरेको।उजुरीवालाले पेश गरेका बिलहरू फछ्र्यौट योग्य नभएको तथा रीतपूर्वक पेश गरिनसकेको तथ्य उजुरवालाले बकपत्रमा स्वीकार गरेको।<br>• उजुरीवाला र प्रतिवादीहरू सेवाग्राही र सेवा प्रदायक नदेखिई एकै कार्यालयमा काम गर्ने | • सर्वोच्च अदालतको संवैधानीक इजलासले ०७४-WC-००२० मा गरेको फैसलामा विगो कायम नहुने भनेको नरहेको घुस रिसवतको मुद्दा खारेज नहुने, केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मात्र खारेज गरी अन्य प्रमाणको आधारमा निर्णय निकासा दिने गरी फैसला भएको र सम्मानीत सर्वोच्च अदालतले मुद्दा नं.०७५-WC-००५१ घुस रिसवत मुद्दामा मिति २०७९।०७।३० गते कसुर कायम गरी फैसला समेत भएको अवस्थामा सो फैसला समेतको प्रतिकुल हुने गरी प्रस्तुत मुद्दामा सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने भनी आधार लिई भएको प्रस्तुत फैसला सो संवैधानीक इजलासको फैसलाको रोहमा समेत त्रुटिपूर्ण छ ।<br>• निवेदक भरतप्रसाद उपाध्याय र हरिशङ्कर शर्माबीचको कुराकानीको स्क्रिप्ट राइटिङमा स्पष्टरूपमा घूस/रिसवत माग गरी लिएको देखिएको।भीमप्रसाद आचार्य तथा हरिशङ्कर शर्माबीचको संवादको अडियो रेकर्डमा रहेको संवादमा एक पचास गर्नु न त के हुन्छ ? एक पचास वुझाइदिम् त सर?एकसम्म दिन्छु मैले तेत्रो दुःख गरैं अब तेसरी १५० भनेको त धेरै भो सर, सुरुमै बरु हजुरले १ भन्दा भएन भनेर पहिले भनेको भए खोज्दैन् थिए होला, एक त हुन्न होला डकुमेन्ट चाहिँ मिलाउनू सर फेरि यही डकुमेन्ट चाहिँ हुँदैन।कागज मिलाउनुस्।बरु मैले केही सघाईदिनुपर्छ भने सघाईदिन्छु।अर्को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कर्मचारी रही उही कार्यालयका कर्मचारीले अन्य कर्मचारीसँग घूस लिनुदिनु स्वाभाविक नमानिने। | कसैलाई भन्नुपर्छ म भन्दिन्छु। डकुमेन्ट बनाउने कुरामा बनाम्। तर हजुरको के छ भन्दा अव यसो गर्नुस् यो २० हजार चाहिँ योमध्य हजुर को बुढाबुढीलाई खाजा पानी गर्नू अनि एक तीस चाहिँ छोड्दिनुस् त नि बार्गेनिङ सार्गेनिङका कुरा छोडौं। Really भनेको के म Convince गरौंला भन्ने वार्तालाप म र निवेदक भरतप्रसाद उपाध्यायबीचको भनी आरोपित हरिशङ्कर शर्माले सनाखत गरिदिएको अवस्थामा निजहरूले घूस रकमकै मोलमोलाई गरेको पुष्टि भइरहेको प्रमाण ऐन, २०३१ को दफा १३क.ले प्रमाणमा लिन मिल्ने नै देखिन्छ ।<br>• निवेदक भरतप्रसाद उपाध्यायले सञ्चालन गरेको कार्यक्रमबाट बचत हुन आएको रकम खाना/खाजाको बाँकी तिर्न होटेल याक एण्ड रेष्टुरेन्टमा र प्रोजेक्टर खरिदको रकम तिर्न पूर्व सल्लाहबमोजिम लिएको भनी आरोपितहरूले बयान गरे पनि रेकर्ड भएको अडियोमा निजहरूले त्यस विषयमा कुरा गरेको कहिँ कतै सुनिँदैन। केवल एकलाख तीसहजार दिनुपर्छ भन्ने बार्गेनिङ गरेको सुनिन्छ। अस्पताल तथा व्यवस्थापनका व्यक्ति आई नास्ता तथा खाना समेतको होटेल याक एण्ड रेष्टुरेन्टमा तिर्न बाँकी जम्मा रु. ४०,२५०/- रहेको भन्ने होटेल मालिक ताराप्रसाद आचार्यको कागजबाट देखिएकोमा कार्यक्रमबाट फिर्ता उक्त रकम त्यसरी होटेलमा तिर्न पठाउनु पनि आफैमा नियमसङ्गत देखिँदैन। यी आरोपितहरू भीमप्रसाद आचार्य, रघुनाथ रेग्मी र हरिशङ्कर शर्माले निवेदक भरतप्रसाद उपाध्यायलाई कार्यक्रमबाट बचत हुन आएको रकम बैङ्क दाखिल गर्न लगाई भौचरसाथ पेस्की फछ्र्यौटको लागि पेस गर्न लगाउनु पर्नेमा सो भए गराएको अवस्थासमेत नदेखिँदा आरोपितहरू लेखापाल हरिशङ्कर शर्मा, निमित्त कार्यालय प्रमुख भीमप्रसाद आचार्य र स्टोरकीपर रघुनाथ रेग्मीसमेतको मिलेमतोमा निवेदक भरतप्रसाद उपाध्यायले सञ्चालन गरेको कार्यक्रमको पेस्की फछ्र्यौट गर्ने गराउने बहानामा निवेदक भरतप्रसाद उपाध्यायसँग रु १,३०,०००/- घूस/रिसवत रकम लिई बाँडीचुँडी खाने बदनियतले सवारी चालक मार्फत होटेलमा रकम जम्मा गर्न पठाएको निर्विवादरूपमा पुष्टि हुँदाहुँदै सफाइ दिई गरिएको फैसला त्रुटिपूर्ण छ।<br>• विशेष अदालतले फैसलाको प्रकरण ५२ मा घूस मागेको रेकर्ड मागी प्रमाण सिर्जना गर्ने कार्य उजुरवालाको बकपत्रको जवाफ ११ मा रहेको उल्लेख गरे पनि जवाफ ११ मा कार्यालयको स्थापना लगायतका कुराहरू उल्लेख भएको र यसरी प्रमाण सिर्जनाका लागि सिडी बनाउन लगाएको भन्ने व्यहोरा भरतप्रसाद उपाध्यायको बकपत्रमा कहिँकतै नरहनुले अदालतले प्रतिवादीहरूलाई सफाइ दिनका लागि मनसायपूर्वक तथ्य प्रमाणहरूको अपव्याख्या गरेको देखिन्छ। सोही प्रकरण ५२ मा उजुरीसाथ सिडी पेश नभएको भन्ने उल्लेख भएकोमा मिति २०७६।४।१२ मा भरतप्रसाद उपाध्यायले पेश गरेको उजुरी निवेदनसँगै सीडी पेश गरेको निवेदनतर्फ दृष्टि दिएको देखिन्न। निजको बकपत्रको जवाफ ६, ७ र ८ मा मिति २०७६।४।१२ को निवेदनसमेतको व्यहोरा आफ्नै रहेको र आवेश वा अज्ञानतावश उजुरी नदिएको तथा स्टोरकीपरले भने अनुसार कार्यालय प्रमुखलाई समेत पैसा दिनुपर्छ भनी लेखाएकाले निजको बकपत्रको व्यहोराले यी प्रतिवादीहरूले रकम माग गरेको कुरा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणग्राह्य हुँदाहुँदै वादी पक्षले सोही ऐनको दफा २५ बमोजिम वादीदाबी पुष्टि नगरेको भनी फैसलाको प्रकरण ५५ मा उल्लेख हुनु त्रुटिपूर्ण रहेको।<br>• ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०, ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३ मा सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरको प्रतिकुल हुनेगरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ५ | भीम प्रसाद आचार्य, हरीशंकर शर्मा, मनीष कुमार महतो(वि.अ. को मु.नं. ०७६-CR-०२०५, वि.अ. को फैसला मिति २०७९।०२।५ | रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | **प्रतिवादी मनीष कुमार महतोः** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा हिनामिना हानी नोक्सानी गरेको बिगो रु. ४,८१,९९५/०२ (अक्षरुपी चार लाख एकासी हजार नौ सय पन्चान्नब्बे रुपैयाँ दुई पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं हिनामिना हानि नोक्सान। भएको बिगो रु. ४,८१,९९५/०२ (अक्षरुपी चार लाख एकासी हजार नौ सय पन्चान्नब्बे रुपैयाँ दुई पैसा)निज प्रतिवादी मनीष कुमार महतोबाट भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम असुल उपर हुन, **प्रतिवादीहरु भीम प्रसाद आचार्य र हरी शंकर शर्माः** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा हिनामिना हानि नोक्सान गरेको रु. १,७८,४८६/- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन एवं हिनामिना हानि नोक्सान भएको बिगो रु. १,७८,४८६/- निज प्रतिवादी | फैसलाः प्रतिवादीहरु भीम प्रसाद आचार्य, हरीशंकर शर्मा, मनीष कुमार महतोलाई साफाई हुने ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादी मनिषकुमार महतोले कार्यक्रम गरी कार्यालयमा पेश गरेको कुन विल भरपाईहरु झुठ्ठा हुन भनी वादीले खुलाउन सकेको तथा प्रमाणीत गर्न सकेको पनि देखिएन<br>• अदालतमा उपस्थित सबै वादीका साक्षीहरु कसैले पनि अभियोग दावीको समर्थनमा बकपत्र गरेको देखिएन ।<br>• पेश गरेका विलहरु नक्कली वा झुट्टा हुन भनी अफिसमा रहने प्रतिवादीहरु हरिशंकर शर्मा र भिम प्रसाद आचार्यले छुट्याउन सक्ने अवस्था पनि देखिदैन । प्रतिवादी मनिषकुमार महतोको हकमा आरोपदावी पुग्न सकेको नदेखिँदा सोही आधारमा र कारणवाट यी प्रतिवादीहरुले पनि आरोपित कसुरबाट सफाई पाउने नै देखियो । | • प्रतिवादी मनीष कुमार महतोले आफ्नो बयानको स.ज २५ मा बेनी अस्पतालमा कार्यरत स्टाफ नर्स पशुपति बानिया र अब्दुल खबिर राइन कार्यक्रममा उपस्थिति भई दोहोरो भत्ता खाएको देखिन्छ भनी दोहोरो भत्ता दिएको स्वीकार गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) वमोजिम प्रमाण मिल्ने देखिन्छ । मेरो पसलबाट जारी भएको बिलमा भएको विवरण परिणाम र मूल्य मनीष महतो र मेघ नाथ रेग्मीले भने बमोजिम बनाई दिएको हुँ भनी गंगासागर फोटोकपी एण्ड स्टेसनरीकी सञ्चालिका सरिता सुवेदीले कागज गरेको देखिएको र अनुसन्धानमा कागज गर्ने तारा प्रसाद आचार्य समेत ११ जनाले अनुसन्धानको कागजलाई समर्थन गरी अदालतमा कागज गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र दफा १८ वमोजिम प्रमाण लिन नै मिल्ने देखिन्छ । उपचार केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीलाई टी.बी.मोड्युलर तालिमको पहिलो चरणमा स्वीकृत ३० जनाको कार्यक्रममा ३५ जना सहभागी गराई अकलेश कु.यादवलाई दुई दिनवढीको भत्ता, डा.अनिल पाण्डे, पशुपति बानिया, संयोग तिमिल्सिना प्रशिक्षक, असम्वन्धीत व्यक्तीहरु लिलानाथ पौडेल हरिशंकर शर्मा, रघुनाथ शर्मा, लक्ष्मी किसान र हाजिर नभएको भीम प्रसाद आचार्यलाई भत्ता वितरण गरेको वाट रु.१६,४६२/- अनियमितता देखिन्छ ।दोस्रो चरणमा स्वीकृत २० जनाको कार्यक्रममा ३०जना सहभागी गराई प्रशिक्षकहरु रेक वहादुर थापा, डा.अनिल पाण्डे, याम वहादुर थापा, असम्वन्धितहरु हरिकृष्ण गौतम, मेघ नाथ रेग्मी, हरिशंकर शर्मा, रामचन्द्र पौडेल, भीम प्रसाद आचार्य, लेख कुमारी सुवेदी, अनुपस्थितहरु त्रि विक्रम आचार्य, डा.मनोज घिमिरे, दस्तखत नभएको पशुपति बानिया समेतलाई भत्ता वितरण गरेको देखाई रु. ४३,९७७/- अनियमितता गरेको देखिन्छ। त्यस्तै खाजा खर्च, स्टेसनरी, हल भाडा, प्रोज्क्टर भाडा समेत तर्फ फ्यामिली रेष्टुरेण्ट (होटेलमा कार्यक्रम नभएको), व्यानर मुल्य, इन्धन प्रयोग असान्दर्भिक समेत गरी रु.३४,०७६/- गरी जम्मा रु.१,०३,०८६ अनियमितता गरेको देखिन्छ ।DMT TOOL and WHO MEC को माध्यमवाट परिवार नियोजन सेवा सुदृढीकरण कार्यक्रम अन्तर्गत कृष्ण प्रसाद आचार्य भ्रमण आदेश स्वीकृत नभएको, तुलसी गौतमको एक दिन वढीको, मनिष महतोको खटाएको पत्र नभएको, भीम प्रसाद आचार्य, साम्म प्रसाद पौडेल असम्वन्धित गरी जम्मा रु.३७,३०५/- , लक्ष्मी किसान, कृष्ण प्रसाद आचार्य, लिलानाथ पौडेल असम्वन्धित र कोटा भन्दा वढीमा सुमित्रा थजाली, कुमार के.सी समेत रहेको देखिएकोवाट जम्मा रु.१४,४१५/- अनियमितता गरेको देखिन्छ । खाजा खर्च, स्टेसनरी, हल भाडा, प्रोज्क्टर भाडा समेत तर्फ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भीम प्रसाद आचार्य र हरी शंकर शर्माबाट भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको। | | फ्यामिली रेष्टुरेण्ट(होटेल) नभएको भुक्तानी गरेको देखाएको समेत गरी रु.१९,८५०/- अनियमितता समेत गरी जम्मा रु.७५,४००/- अनियमितता गरेको देखिन्छ ।क्षयरोग सम्वन्धी अभिमुखीकरण माइक्रोस्कोपिक क्याम्प अन्तर्गत भीम प्रसाद आचार्य, हरि श्कर शर्मा, ज्ञानेश्व आचार्य समेतको दस्तखत नभएको र व्यानरको मुल्य असान्दर्भिक देखिएको समेत गरी जम्मा रु.१४,८५०/- अनियमतता गरेको देखिन्छ । त्यस्तै दोस्रो चौमासीकमा भ्रमण आदेश नभएको मनिष महतो, हरि शंकर शर्मा समेतको दस्तखत नभएको समेत गरी जम्मा रु.४८,०६६/- अनियमितता गरेको देखिन्छ । तेस्रो चौमासीकमा अनुपस्थित लेख कुमारी सुवेदी समेत र दर रेट नभएको गौरी सागर पोटोकपी एण्ड स्टेसनेरी को विल समेतको भुक्तानी समेत गरी जम्मा रु.१५,६९२/८५ अनियमितता गरेको देखिन्छ। क्षयरोग सम्वन्धी अभिमुखीकरण, घर दैलो र माइक्रोस्कोपिक क्याम्प अन्तर्गत पवन मल्ल समेत अनुपस्थित, शेरवहादुर गर्बुजा समेत दस्तखत नभएको, लेख कुमारी सुवेदी समेत असम्वन्धित व्यक्तीहरुलाई भुक्तानी दिएको देखिई रु.२,२४,९००/- समेत गरी जम्मा रु.३,०३,५०९/०२ अनियमितता गरेको समेत गरी जम्मा रु.४८१,९९५/०२ रकम बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गरेको तथ्य स्थापित हुन आएको अवस्थामा समेत प्रतिवादी मनिषकुमार महतोले कार्यक्रम गरी कार्यालयमा पेश गरेको कुन विल भरपाईहरु झुठ्ठा हुन भनी वादीले खुलाउन सकेको तथा प्रमाणीत गर्न सकेको पनि देखिएन भनी आधार लिई प्राप्त प्रमाणको उचित मुल्याङ्कन नै नगरी भएको फैसला त्रुटीपूर्ण छ ।<br>• प्रतिवादी मनीष कुमार महतोको पोलिग्राफ परीक्षण गराउँदा The grand total score – 27 exceeds the required cut score of -4 for deceptive classifications. भन्ने प्रतिवेदन साथ DECEPTION INDICATED "झूट बोलेको सङ्केत देखिएको" निष्कर्ष सहितको पोलिग्राफ परीक्षण प्रतिवेदन समेतबाट निज आरोपित मनीष कुमार महतोले पेस्की फछ्यौंटको लागि पेस गरेका बिल भरपाईहरू झूटा भएको, बिल भरपाईका विवरणहरू आफू अनुकूल लेख्न लगाइएको, तालिममा सहभागी गराइएको सङ्ख्या समेत झूटा भएको, प्रशिक्षार्थीहरू समेत झूटा भएको देखिएकोलाई प्रमाणलाई प्रमाणमा लिन पर्ने नै देखिन्छ (ने.का.प २०७५, अंक ३, नि.न.९९८०) ।<br>• आरोपित मनीष कुमार महतोले सञ्चालन गरेको टी.बी. मोड्युलर तालिममा विनियोजित रु ४,००,०००/- पेस्की नलिइकन कार्यक्रम सञ्चालन भएकोमा सञ्चालकको निवेदनको माग अनुसार कार्यक्रममा विनियोजन भएको सम्पूर्ण रकम भुक्तानी भएक। भुक्तानीको लागि कार्यक्रम सञ्चालकले दिएको निबेदनमा कार्यालय प्रमुखले कुनै तोक/आदेश नलगाएको र बिल भरपाई प्रमाणित नगरेको। बिना आदेश निर्देशन लेखापाल हरी शंकर शर्माले कुनै बिल भरपाई चेक जाँच नगरीकन भुक्तानी दिएको, आर्थिक ऐन/नियम अनुसार भुक्तानी प्रक्रिया पुरै गलत रहेको, भुक्तानीको लागि पेस गरेको फायलमा कार्यक्रम भएको भनिएको होटेल याकको भ्याट बिल समावेश गर्नु पर्नेमा म्याग्दीमा होटेलनै नभएको फ्यामिलि होटेल एण्ड रेष्टुरेन्टको नामको पान बिल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | संलग्न गरी कार्यालय प्रमुख आरोपित भीम प्रसाद आचार्य, लेखापाल हरी शंकर शर्मा तथा कार्यक्रम सञ्चालकले राजश्व रकम समेत अनियमितता गरेको देखिएको, सो तालिममा नयाँ नियुक्ति तथा उपचारमा कार्यरत स्वास्थ्य कर्मीहरू समावेश गर्नु भन्ने कार्यदिश विपरीत प्रशासन तर्फका खरिदार, लेखापाल, कार्यालय सहयोगी तथा पत्रकार समेतलाई तालिम निर्देशिका विपरीत समावेश गराइ भत्ता वितरण गरिएको, कार्यक्रममा उपस्थित नभएका तथा भत्ता वितरणको भरपाईमा सहीछाप नभएका भीम प्रसाद आचार्य, पशुपति बानिया, डा. मनोज घिमिरे तथा त्रिबिक्रम आचार्य समेतलाई भत्ता वितरण गरिएको, भीम प्रसाद आचार्य, मनीष महतो, हरी शंकर शर्मा लगायतको भ्रमण आदेश कार्यक्रमसँग असम्बन्धित रहेको देखिएकोवाट प्रतिवादी भीम प्रसाद आचार्य र निलम्वित हरी शंकर शर्माले आर्थिक लाभ समेत प्राप्त गरी प्रतिवादी मनीष महतोलाई मनोमानी ढङ्गले रकम खर्च गराई बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानि नोक्सान गरेको तथ्य स्थापित भएको अवस्थामा समेत अदालतवाट पेश गरेका विलहरु नक्कली वा झुट्टा हुन भनी अफिसमा रहने प्रतिवादीहरु हरिशंकर शर्मा र भिम प्रसाद आचार्यले छुट्याउन सक्ने अवस्था पनि देखिदैन भनी आधार लिई प्रास प्रमाणको उचित मुल्याङ्कन नै नगरी भएको फैसला त्रुटीपूर्णछ ।<br>• स्वंय अदालतले फैसलाको प्रकरण नं. ५९ मा कागज गर्ने एघार जनाले अनुसन्धानको कागजलाई समर्थन गरी अदालतमा कागज गरेको भनी उल्लेख गरेको अवस्था छ । निज कागज गर्नेहरुले आरोपदावी समर्थन गरी कागज गरेको अवस्था समेत छ । उल्लेखित तथ्यसँग विरोधाभाष पूर्ण हुने गरी अदालतमा उपस्थित सबै वादीका साक्षीहरु कसैले पनि अभियोग दावीको समर्थनमा बकपत्र गरेको देखिएन भनी आधार लिई भएको फैसला प्रमाणको कुनै मूल्याङ्कननै नगरी भएकोले त्रुटी पूर्ण छ।<br>• ने.का.प.२०६६, नि.न.८१७९, अंक ६, ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास, सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरको प्रतिकुल हुनेगरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको। |
| ६ | राधिका देवी शर्मा, भरत प्रसाद उपाध्याय (वि.अ. को मु.नं. ०७६-CR-००७६, वि.अ. को फैसला मिति २०७९।२।०५ | गैरकानूनी लाभ लिई सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेको। | **प्रतिवादीहरु भरत प्रसाद उपाध्याय र राधिका देवी शर्माः** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा हिनामिना हानि नोक्सान गरेको बिगो रु. ६,५८,५१३।६० (छ लाख अन्ठाउन्न हजार पाँच सय तेह्र रुपैयाँ साठी पैसा) का आधारमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय ((ङ) बमोजिम सजाय हुन एवं हिनामिना हानी | **<u>फैसलाः</u>** राधिका देवी शर्मा, भरत प्रसाद उपाध्यायलाई साफाई हुने ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• बेरुजु र भ्रष्टाचार फरक फरक विषय हुन । पेश्की रकम फर्छ्यौट नगरी लिने खाने बदनियत नदेखिएसम्म कुनै व्यक्तीको नाममा बेरुजु रहेको भन्ने आधारमा मात्र निजले भ्रष्टाचार गरेको भन्न मिल्दैन।<br>• भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) अनुसार "झुठ्ठा विल भरपाई बनाई भुक्तानी लिने, दिने वा विलको दोहोरो भुक्तानी लिने दिने" कार्य भ्रष्टाचारको कसुर | • प्रस्तुत मुद्दामा प्रतिवादी भरत प्रसाद उपाध्यायले सञ्चालन गरेको विषादी रहित खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन कार्यक्रमको पेश्की रकम रु.४००,०००/- को पेश्की फछ्यौंटको निवेदन मिति २०७६।०१।२९ गते पेश गरेको र समुदायमा आधारित एकीकृत शिशु तथा बाल रोग व्यवस्थापन कार्यक्रम गर्नको लागी रु.५,००,०००/- पेस्की रकमको पेश्की फछ्यौंटको निवेदन मिति २०७६।०३।२२ गते पेश गरेको तथा उक्त कागजातहरु स्वास्थ्य कार्यालय म्याग्दीवाट मिति २०७६।०४।१२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बरामद गरी बुझी लिएको देखिएको अवस्था छ। त्यसैगरी अर्का आरोपी स्वास्थ्य कार्यालय म्याग्दीका प.हे.न. राधिका देवी शर्माले सञ्चालन गरेको सरभाइकल क्यान्सर स्कृनिङ कायोथेरापी सम्बन्धी अभिमुखिकरण कार्यक्रम पेस्की रकम रु.३००,०००/- को पेश्की फछ्यौंटको निवेदन मिति २०७६।०३।२२ गते पेश गरेको र पाठेघर खस्ने समस्याको कन्जरभेटिभ म्यानेजमेन्ट प्रशिक्षक तालिमको लागि पेस्की रकम रु.१००,०००/- को पेश्की |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नोक्सानी भएको बिगो रु. ६,५८,५१३।६० (छ लाख अन्ठाउन्न हजार पाँच सय तेह्र रुपैयाँ साठी पैसा) निज प्रतिवादीहरू भरत प्रसाद उपाध्याय र राधिका देवी शर्माबाट भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम असुल उपर हुन | भित्र पर्छ । यस दफाको प्रयोगजनको लागी झुट्टा विल भरपाइ बनाई भुक्तानी लिएको र दिएको अवस्था विद्यमान हुनुपर्छ। प्रतिवादीहरुले कार्यक्रमको विल भरपाई तयार गरेको सम्म देखिन्छ तर सोको भुक्तानी लिएको अवस्था देखिन आएन।<br>• विल पेश नगरेको र भुक्तानी पनि नलिएको अवस्थामा हानी नोक्सानी भएको वा अपराधले पूर्णता पाएको भन्न मिल्ने देखिएन। अपराधको उद्योग भन्दा पूर्वको अवस्था हुँदा कसूरजन्य कार्य भएको भन्न मिलेन। विल भर्पाई बनाएको आधारमा मात्र कसूरले मूर्तरुप लिएको अर्थात अपराधिक कार्य भएको भन्न मिल्ने हुदैन। झुट्टा विलको आधारमा रकम भुक्तानी लिएको र दिएको देखिएमा मात्र सरकारी रकम हानी नोक्सान गरेको अवस्था हुन्छ।<br>• यस आधारमा प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) अन्तर्गत कसूर हुन सकेन ।सोही आधारमा प्रतिवादीहरुले ऐ.ऐनको दफा १७ वमोजिमको कसूर गरेको पुष्टि हुन सकेन। | फछ्यौंटको निवेदन मिति २०७६।०३।२२ गते पेश गरेको देखिन्छ । उक्त निवेदन समेतका पेस्की फछ्यौंटको लागि पेश भएको कागजात स्वास्थ्य कार्यालय म्याग्दी को च.न.८ मिति २०७६।०४।२९ को पत्रसाथ प्राप्त भएको देखिएको अवस्थावाट उक्त पेश्की फर्छयौटको निवेदनहरु प्रतिवादीहरुले कार्यालयमा दाखिल गरी सकेको र कार्यालयले त्यसलाई आफ्नो नियन्त्रण(Domain) भित्रको स्वीकार गरीसकेको अवस्था देखिन्छ । प्रतिवादीहरुले पेश्की फर्छयौटको प्रयोजनको लागी कार्यालयमा निवेदन पेश गरेको अवस्थामा तत्काल यसै मुद्दाको लगाउ मुद्दा नं. ०७६-CR-००४८ घुस रिसवत लिई भ्रष्टाचार गरेको वारदात घटेकोले मात्र पेश्की फर्छयौट नभएको पुष्टि भएको अवस्थामा सामान्य अवस्थामा जस्तो मानी विल भर्पाई बनाएको आधारमा मात्र कसूरले मूर्तरुप लिएको अर्थात अपराधिक कार्य भएको भन्न मिल्ने हुदैन, झुट्टा विलको आधारमा रकम भुक्तानी लिएको र दिएको देखिएमा मात्र सरकारी रकम हानी नोक्सान गरेको अवस्था हुन्छ भनी आधार लिई भएको फैसला प्रमाणको मुल्याङ्कन तथा कानूनी व्यवस्थाको रोहमा त्रुटी पूर्ण भई बदरभागी छ ।<br>• प्रतिवादीहरु भरत प्रसाद उपाध्याय र राधिका देवी शर्माले तालिम सञ्चालन गरी पेस गरेका बिल भरपाईहरू अधिकांश नक्कली भएका र कार्यक्रममा पेस्की लगेको रकम पुरै खर्च नभएको भन्ने घुस/रिसवत सम्बन्धी माथि उल्लिखित मुद्दा नं. ०७६-CR-००४८ का प्रतिवादीहरू भीम प्रसाद आचार्य र हरी शंकर शर्माको बयान कागजबाट देखिन्छ । तालिममा सहभागी विद्यार्थीहरूलाई रु.३०/- बराबरको चाउचाउ खुवाई रु.२००/- को बिल बनाएको भन्ने अनुसन्धानमा बुझिएका सञ्जु रोका, अमृत सापकोटा तथा विजया रेग्मी समेतको कागजमा उल्लेख भएको। कम सहभागी रहेको कार्यक्रममा धेरै जना सहभागी भएको देखाई बढी खर्च देखाउन पान बिलहरू जबरजस्ती लगि आफै बनाएका हुन भन्ने बुझिएका होटेल व्यवसाय गर्ने मिना कुमारी भट्टचन, सञ्जु रोका, खड्ग गिरी तथा निरा कुमारी खत्री समेतको कागज व्यहोराबाट देखिएको। हाम्रोबाट पानी किनिएको होइन खाली नलेखिएको पान बिलमात्र लगेका हुन बिलमा भएको बिबरण झुटा हुन भन्ने बुझिएका जुलेश मल्ल र पूर्ण बहादुर भण्डारीको कागजमा उल्लेख भएको, रु.१०।- पर्ने १०० वटा डटपेन र रु.२५।- पर्ने १०० वटा कपी मात्र लगि अर्को कार्यक्रममा सामान किनिदिने प्रलोभन देखाई झुटा बिल बनाउन लगाएका हुन भन्ने बुझिएका आबिस्कार र सुबास स्टेसनरीकी सञ्चालक रिता पौडेल सुबेदीको कागजमा उल्लेख भएको। रु.७५४८/४० को सामान किनी बढी रकमको बिल बनाउन लगाएका हुन भन्ने बुझिएका अन्नपुर्ण स्टेसनरीका सञ्चालक ध्रुव राज सुवेदीको कागज रहेको। मेरो पसल पानमा दर्ता छ तर पान बिल बनाएको छैन र मैले खाजा चिया खुवाएको छैन, मेरो फर्मको बिल नक्कली हो भन्ने बुझिएका दिप मिष्ठान्न भन्डारका सञ्चालक अमर बहादुर के.सी.को कागजमा उल्लेख भएको। भरत सरको माग बमोजिम खाली बिल उपलब्ध गराएको हो भन्ने व्यहोराको बुझिएका सुरज होटेल एण्ड सुनिता होटेलका सञ्चालक खडक गिरीले आफ्नो कागजमा खुलाएको अवस्था छ। त्यसैगरी पोखराको लोटस मेडिसिन र बाग्लुङको ग्लोबलबाट खरिद |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरिएको भनिएका सिलिकन रिङ्ग प्रेसरी सहितका औषधिहरु कार्यक्रममा प्रयोग नभएको, उक्त औषधिहरु अर्मन स्वास्थ्य चौकीमा दाखीला नभएको र भरत प्रसाद उपाध्यायको दबाबमा दाखिला प्रतिवेदन बनाएको भन्ने बुझिएका डा. हेमादेवी छन्त्याल, अ.हे.ब. याम प्रसाद खराल तथा अ.न.मी. राधा आचार्यको कागजबाट समेत देखिन्छ । उल्लेखित व्यक्तीहरुले अदालतमा उपस्थीत भै वकपत्र गर्दा निजहरुले अनुसन्धानको क्रममा गरेको कागजलाई पूर्णत समर्थन गरी बकपत्र गरेको अवस्था समेत विद्यमान रहेको छ । त्यस्तै स्वास्थ्य कार्यालय म्याग्दीका भिम प्रसाद आचार्य, मेघनाथ रेग्मी, रघुनाथ रेग्मी, हरी शंकर शर्मा समेत कार्यक्रममा नगई, कार्यपत्र तयार नगरी कार्यक्रमको उपस्थितिमा सहीछाप गरी भत्ता, दैनिक भ्रमण भत्ता तथा प्रशिक्षक भत्ता लिएको/दिएको भन्ने बुझिएका भिम प्रसाद आचार्य, हरी शंकर शर्माको कागज तथा आरोपिहरुले बयान गर्दा उक्त तथ्यलाई स्वीकार गरेको देखिन्छ । चार वटा कार्यक्रमको ४ वटा मात्र ब्यानर बनाएको कुनै किताब बायन्डिङ नगरेको, रु. ८०।-मा १२० थान प्रमाणपत्र छपाएको भन्ने बुझिएका मुक्तिनाथ अफ सेट प्रेसका सञ्चालक सन्तोष ढुङ्गानाको कागज, कार्यक्रममा उपस्थित नभई स्वास्थ्य कार्यालय तथा निज आरोपिहरुको आचार्य मेडीकलमा उपस्थितिमा सहीछाप गराई भत्ता लिएको भन्ने बुझिएका भिमसरा पुन, प्रकाश शर्मा तथा हरी शंकर शर्मा समेतको कागज तथा अनुसन्धान अधिकृतको प्रतिवेदनमा स्वास्थ्य कार्यालय म्याग्दीमा कार्यरत हे. अ. भरत प्रसाद उपाध्याय र प.हे.न. राधिका देवी शर्माले विभिन्न कार्यक्रम सञ्चालन गरी पेश्की फछ्र्यौट गर्ने क्रममा नक्कली बिल भरपाई पेस गरी गैर कानुनी लाभ लिई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेको भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ ।<br>• त्यस्तै भरत प्रसाद उपाध्यायले भ्याट सहित रु.७५४८/४० को स्टेशनरी सामान लगेको र नेपाली कागज, कपडा, रजिस्टर्ड र पञ्चिङ मेसिन लगेको छैन बिल लेखिएको विवरण गलत हो भन्ने अन्नपूर्ण वुक्स एण्ड स्टेशनरी सप्लायर्सका सञ्चालक बुझिएका ध्रुव राज सुवेदीको कागज रहेको छ । रु.७५०।- को दरले ४ वटा ब्यानर बनाएको, रु. ८०।- का दरले प्रमाणपत्र छापेको हो र किताबको फोटोकपी गरेको तर बाइण्डिङ गरेको होइन भन्ने बुझिएका मुक्तिनाथ अफसेट प्रेसका सञ्चालक सन्तोष ढुंगानाको कागज, मेरो फर्मबाट पानी खरिद नगरेको तर भरत प्रसाद उपाध्यायले अफिसको निरीक्षणको लागी प्यान विलको आवश्यकता पर्यो भनी कर्मचारीसँग मागी खाली बिलमा छाप लगाई लिएको भन्ने बुझिएका मुक्तिनाथ फुड एण्ड वेभरेज प्रा.लि. सञ्चालक जुलेस मल्लले गरी दिएको कागज, मेरो लाईफ मेडिकल हलको लेटरप्याडबाट औषधीको विवरण र दररेट लेखिएको कोटेसन मबाट जारी भएको होइन भन्ने बुझिएका सञ्चालक काशीनाथ काफ्लेको कागजबाट देखिन्छ । मिति २०७६/०३/१३ गते राधिका शर्माले फोन गरी औषधीको विवरण टिपाएको र सोही अनुसार स्वास्थ्य कार्यालयको नाममा कोटेसन पठाएको हो, समानान्तरको कोटेसनमा लेखिएको अक्षर र दस्तखत मेरो भाइ शंकर मरहट्टाको र अन्य कोटेसन र बिलमा भएको हस्ताक्षर मेरो हो भन्ने बुझिएका लोटस मेडिसिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | डिष्ट्रिब्युटर्सका सञ्चालक दुर्गा प्रसाद काफ्लेले गरेको कागजमा उल्लेख भएको हुँदा खरिद आदेश नभै नक्कली कोटेशनको आधारमा औषधी खरिदको बिल बनाएको समेत स्पष्ट भएको अवस्था छ । मिति २०७६/०३/०३ गते सञ्चालन भएको Cervical Cancer Chemotherapy सम्बन्धी अभिमुखीकरण तालिममा म सहभागी थिइन तर उपस्थित नामावलीमा मेरो नाम समेत संलग्न राखी भत्ता निकालीएको रहेछ, मलाई राधिका शर्माले बेनीमा भरपाईमा सही गराई रु.१०००/- मात्र दिनु भएको हो, ३ वटा कार्यक्रमको उपस्थितिमा सही गराईएको हो, कार्यक्रममा कपी र कलम रु.३५।- बराबरको उपलब्ध थियो, अन्य चार्ट, मार्कर प्रयोग भएको थिएन भन्ने बेनी अस्पताल म्याग्दीमा अ.न.मी. पदमा कार्यरत भिमसरा पुनले गरेको कागज र भरत प्रसाद उपाध्यायले होटेल याकमा संचालनमा गरेको बिषादी रहित खाद्य सुरक्षा तथा पोषण प्रवर्द्धन कार्यक्रममा उपस्थित थिए तर पछी निज भरत प्रसाद उपाध्यायको आचार्य मेडिकलमा गएको समयमा म भएको दिनको र अन्य मिति २०७६/०२/३१ र ३/२१ गतेको कार्यक्रममा एकमुष्ठ सही गर्न लगाई भत्ता स्वरूप जम्मा रु.५९५/- दिनु भएको भन्ने बेनी अस्पतालमा मेडिकल रेकर्डर सुपरभाइजर प्रकाश शर्माले गरेको कागजमा उल्लेख गरेका देखिन्छ । उल्लेखित ध्रुवराज सुवेदी समेतले अदालतमा उपस्थित भई आफूले अनुसन्धानको क्रममा गरेको कागजको व्यहोरालाई पुन:पुष्टि गरी वकपत्र समेत गरेको अवस्थामा प्रस्तुत मौकाको कागज र अदालतको बकपत्र लाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम प्रमाणमा लिन पर्नेमा उल्लेखित प्रमाणहरुको कुनै मुल्याङ्कन नै नगरी भएको फैसला आफैमा त्रुटीपूर्ण एवं वदर योग्य रहेको छ ।<br>• प्रतिवादीहरुले कसुरमा ईन्कारी वयान गरेता पनि पोलिग्राफ परीक्षण गराउँदा The grand total score – 26 exceeds the required cut score of -4 for deceptive classifications. भन्ने प्रतिवेदन साथ DECEPTION INDICATED "झूट बोलेको सङ्केत देखिएको" निष्कर्ष सहितको पोलिग्राफ परीक्षण प्रतिवेदनलाई प्रमाणमा लिन पर्ने नै देखिएको(ने.का.प २०७५, अंक ३, नि.न.९९८०) समेतबाट निज आरोपित भरत प्रसाद उपाध्यायले गरेको इन्कारी बयान झूटा, विश्वास लायक नदेखिएको अवस्था एकातर्फ छ भने निजले थप प्रमाण समेत पेश नगरी प्रमाण ऐन, २०३१ को दफा २७ वमोजिम प्रतिवादीहरुले आफ्नो दायित्व पुरा नगरेको अवस्थामा निजको ईन्कारी वयानलाई प्रमाणमा लिन मिल्ने अवस्था छैन । यसरी प्रतिवादीहरुको कसुर गर्दाको घटनाका शृंखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको अवस्था पुष्टि भई प्रतिवादीहरुले बदनियतसाथ हिनामिना गरी नेपाल सरकारको सम्पत्ति हानि नोक्सानी गरेको तथ्य प्रमाणित हुन आएकोमा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रमाणको मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण भई बदर भागी छ ।<br>• त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मुद्दामा"घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने ।" ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । |